**नेत्रावती डबजोङ गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
सेमजोङ, धादिङ
३ नं. प्रदेश, नेपाल

च.नं. :
प.सं. : ०७५/७६ मिति : २०७५/०६/२२

# आ.ब. २०७५/०७६ को लागि आन्तरिक आय तर्फको शिलबंन्दी बोलपत्र आव्हान संम्बन्धी सुचना

प्रथम पटक प्रकाशित मिति २०७५/०६/२३

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (घ) १ (घ) २ र दफा (घ) ६ समेतमा भएको व्यवस्था ,प्रारम्भिक वातावरणीय परीक्षण(**IEE**) प्रतिवेदन ३ नं. प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७५ को दफा ८ (१) र सो सँग सम्बन्धीत अनुसूची ५ मा भएको व्यवस्था तथा नेत्रावती डबजोङ गाउँपालिकाको गाउँसभाको निर्णय र राजश्व परामर्श समिति र कार्यपालिकाको मिति २०७५/०६/२१ को निर्णय अनुसार देहायका शिर्षकहरुमा कर तथा शुल्क अशुली सम्बन्धी काम आ.व. २०७५/०७६ कोठेक्काद्धारा गराउन यो सूचना प्रकाशत गरिएको छ ।सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पुरा गरेका योग्य फर्महरुले बोलपत्र खरिद गरि देहायको मिति र समयभित्र शिलबन्दी बोलपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ । अन्य थप जानकारीको लागि नेत्रावती डबजोङ गाउँपालिकाको कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**आन्तरिक ठेक्का विवरण:**

| ठेक्का न.. | आयको विवरण | आ.ब.२०७५/०७६ का लागि कायम न्यूनतम अंक(मू.अ.कर बाहेक) | बिक्री तथा निकासी दर प्रति घन फिट | बेलपत्र फाराम दस्तुर | धरोटी/ जमानत रकम |
|---|---|---|---|---|---|
| ०८/०७५/०७६ राजश्व | नेत्रावती डबजोङ गाउपालिकाको क्षेत्राधिकार भित्र पर्ने **आंखु खोला र लपाङ खोलाको** ढुङ्गा, गिट्टी र वालुवा, , निकासी कर तथा बिक्री शुल्क संकलन कार्य । | **५०,७०,०००।** (पचास लाख सत्तरी हजार मात्र) | निकासिकर बिक्री शुल्क प्रति घन फिट **९।००(नौ रुपैया)**<br>आन्तरिक सेवा शुल्क तथा र बिक्री दस्तुर प्रति घन फिट **६।००(छ रुपैया)** | **३०००।** | कबोल अंकको ५(पाच) प्रतिशत |

**ठेक्का सम्वन्धि शर्तहरु:-**

१. माथि उल्लेखित ठेक्काको लागि बोलपत्र फारम खरिद गरी खामबंन्दी पेश गर्नुपर्नेछ ।

२. ठेक्का अवधि आ.व. २०७५/०७६ असार मसान्तसम्म रहनेछ । तर, ठेक्कामा मालसामानको परिमाण यकिन भएको र परिमाण अनुसारकै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रक्रिया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि बिक्री निकासी गर्न सकिनेछ । साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हड्ताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपुर्ति दावी गर्न पाईनेछैन । प्रतिवेदनले निषेध गरेको अवधि तथा नदि क्षेत्रबाट सामग्री उत्खनन् गर्न पाईनेछैन तर, विभिन्न स्थानमा थुपारि राखिएको मौज्दात सामग्री बिक्री तथा निकासी गर्न सकिनेछ ।

३. माथि उल्लेखित ठेक्का कबोल अंकको थप मूल्य अभिबृद्धि कर १३ प्रतिशत राजश्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

४. धरौटी बापत कबोल गरेको अंकको ५ प्रतिशत रकम यस कार्यालयको धादिङबेसी स्थित रा.वा. बैंक धादिङमा रहेको खाता नं.1030303007109 मा नगद दाखिला गरेको सक्कल भौचर वा बोलपत्र खरिद गर्ने अन्तिम मितिबाट १२० दिनसम्म म्याद भएको बैंक जमानत (विड बण्डको सक्कल प्रति) बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ ।

५. प्रचलित ऐन बमोजिम कबोल गरेको रकम एकमुष्ट अग्रिम रुपमा बुझाएमा ५ प्रतिशत सम्म रकम छुट दिन सकिनेछ, तर, नियमानुसार लाग्ने मूल्यअभिवृद्धि कर प्रयोजनको लागि भने छुट दिईनेछैन, बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको धादिङवेसी स्थित रा.वा. बैंकमा रहेका खाता नं.1030304018109 मा दाखिला गर्नुपर्नेछ ।

६. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुनेछैन, साथै रित नपुगी आएको बोलपत्र उपर कुनै कारबाहि हुनेछैन ।

८. ठेक्कामा कुनै विवाद भएका नेत्रावती डबजोङ गाउँपालिकाको निर्णय अन्तिम हुनेछ ।

९. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले ३० औं दिनसम्म कार्यालय समयभित्र बोलपत्र खरिद गरी ३१ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनुपर्नेछ । प्राप्त बोलपत्रहरु सोही दिनको २:०० बजे नेत्रावती डबजोङ गाउँपालिकाको कार्यालयमा खोलिनेछ ।

१०. बोलपत्र फारमहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सो को भोलिपल्ट सोही समयमा दर्ता तथा खोलिने कार्य गरिनेछ ।

११. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएका आय ठेक्का सम्बन्धि अन्य शर्तहरुका प्रत्येक बुंदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ ।

१२. यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका बोलपत्रहरु मूल्याँकनमा समावेश गरिनेछैन ।

१३. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुने छ ।

*आय ठेक्का सम्वन्धि अन्य शर्तहरुः-*

१. बुँदा नं. ५ बमोजिम एकमुष्ठ रकम नबुझाएमा कुल कबोल अंकमध्ये पहिलो किस्तामा बुझाउनुपर्ने रकम बाहेक बाँकी मूल्य अभिवृद्धि कर रकम सहितको ठेक्का अवधि सम्मको नेत्रावती डबजोङ गाउँपालिकाकोबैक खातामा वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्गका बाणिज्य बैंकको जमानत (पर्फमेन्स बण्ड) पेश गरेपश्चात मात्र ठेक्का सम्झौता गरी चलान पुर्जि दिईनेछ।

२. आय रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ।

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत भएको मितिले ७ दिन भित्र | कबोल अंकको २५ प्रतिशतले हुन आउने रकम |
| दोस्रो | २०७५ साल पौष मसान्त भित्र | कबोल अंकको ४० प्रतिशतले हुन आउने रकम |
| तेस्रो | २०७६ साल आषढ मसान्तसम्म | कबोल अंकको ३५ प्रतिशतले हुन आउने रकम |

३. ठेक्का कबोल गर्ने ठेकेक्दारले नेत्रावती डबजोङ गाउँपालिकाले तोकिएको कर उठाउँदा प्रयोग गर्ने बिक्री तथा निकासी तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छुट्टा छुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाएमा नियमानुसार कारवाही गरिनेछ।

४. माथि शर्त नं. ३ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरेको रकम बिक्री तथा निकासी आय खातामा मूल्य अभिवृद्धि करको हिसाव निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद बार्षिक रुपमा नेत्रावती डबजोङ गाउँपालिकामा बुझाउनुपर्नेछ।

५. ठेकेदारले उठाउने कर शुल्क कार्यालयद्धारा तोकिएको संकलन केन्द्रमा नै उठाउनुपर्नेछ। साथै दररेट सहितको साईनबोर्ड सबैले देख्नेगरी सम्वन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ।

६. ठेक्कामा कुनै बिवाद भएमा नेत्रावती डबजोङ गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।

७. नेत्रावती डबजोङ गाउँपालिकालाई बुझाउनुपर्ने बाँकी बक्यौता भएको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिनेछैन।

८. ठेक्कामा उललेखित दररेट भरी खाममा बोलपत्र शिलबन्दी गरी पेश गर्नुपर्नेछ।

९. ढुंगा गिटी, वालुवा, आदिको कर प्रारम्भीक वातावरणीय परीक्षण प्रतिवेदनले निषेध गरेका स्थानमा बसि संकलन गर्न पाईनेछैन।

१०. जमानी बापत बोलपत्रमा आफूले भरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ, अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

११. तोकिएको समयमा ताकिएको किस्ता रकम बुझाउनुपर्नेछ, अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा (क) वर्गको बैंकबाट जारी गरि पेश गरिएको कार्यसम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम अशुल उपर गरिनेछ, सो मा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाईनेछैन।

१२. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा सम्बिन्धि कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन।

१३. नेत्रावती डबजोङ गाउँपालिकाको विकास निर्माण कार्यक्रम सञ्चालन गर्ने क्रममा गाउँपालिकाका स्वयम् वा अमानतमा सवारी साधन मार्फत वर्ष दिनभरी प्रयोग गरेको ढुंगा, गिटी, बालुवा, ग्राभेल, रोडो आदी र विदेशी दातृनिकायसँग भएको करछुट सम्बन्धि सम्झौता भई सञ्चालन हुने आयोजनामा ठेकेदारले कुनै कर लिन पाउनेछैन।

१४. प्रचलित ऐन नियम, कानून सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी काँकी सरह अशुल उपर गरिनेछ।

१५. नेत्रावती डबजोङ गाउँपालिका भित्रका नदि नालाबाट ढुंगा गिटी बालुवा निकाली बिक्री तथा निकासी गर्ने क्रममा गाउँपालिकाभित्रका पक्की पुलको तल माथी हजार मिटर क्षेत्रबाट निर्माण सामग्री उत्खनन् गरी बिक्री तथा निकासी गर्न कानूननले पुर्ण रुपमा प्रतिबन्द लगाएको हुँदा कर संकलनले सो कुरालाई पूर्ण रुपमा ध्यान दिनुपर्नेछ, ढुंगा, गिटी, बालुवा उत्खनन् तथा संकलन गर्दा स्वीकृत भएको आ.ई.ई. प्रतिवेदनले नक्साङ्कन गरेको क्षेत्रमा तोकिएको परिमाण उत्खनन् गर्न पाईनेछ।

१६. कार्यालय प्रमुख वा अख्तियारप्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिईनेछ।

१७. यस कार्यालयमा पेश हुन आएका बोलपत्र, बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरको बिचमा खोलिनेछ तर, बोलपत्र दाता वा निजको प्रतिनिधि सो कार्यालयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ।

१८. बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायीक नविकरण प्रमाणपत्र, स्थायी लोखा नम्बर, मूल्य अभिबृद्धिकर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राखि पेश गर्नुपर्नेछ।

१९. बोलपत्र फाराम नियमानुसारको राजश्व रकम तिरी नेत्रावती डबजोङ गाउपालिकाको कार्यालय, सेमजोङ धादिङबाट खरिद गरी पेश गर्न सकिनेछ।

२०. ढुंगा, गिटी, बालुवा, आदिको संकलन उत्खनन् तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समिति, नेत्रावती डबजोङ गाउँपालिकाले दिएको सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पुर्ण रुपमा पालना गर्नुपर्नेछ।

२१. ढुंगा, गिटी, बालुवा, आदि सामाग्रीको कारोवार गर्दा बालश्रमको प्रयोग गर्न र वातावरणमा प्रतिकुल असर पर्ने प्रविधि अपनाउन पाईने छैन।

२२. बोलपत्र स्वीकृत गर्न आसयको सूचना प्राप्त गरी तोकिएको समय भित्र कार्यालयमा सम्झौता गरी सक्नु पर्ने छ। तोकिएको समय भित्र सम्झौता गर्न नआएमा बोलपत्र दाताले राखेको धरौटी जफत हुने छ।

२३. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति प्रश्चात गरिने सम्झौता अनुसार हुनेछ।

२४ अन्य विस्तृत जानकारीको लागि यस कार्यालयको वेवसाइड www.netrawatimun.gov.np मा समेत हेर्न सकिने छ।